# महाबु गाउँपालिकाका अध्यक्ष जंग बहादुर शाहीज्युले **गाउँ सभाको १७ औ अधिवेशनमा** प्रस्तुत गर्नु भएको

## महाबु गाउँपालिकाको **आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम**

# महाबु गाउँपालिका

गैडाबाज दैलेख

२०८२ असार ८ गते

सर्वप्रथम यस सम्मानित सभामा उपस्थित गाउँसभाका सदस्यज्युहरु, गाउँसभाका सचिवज्यु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, पत्रकारज्युहरु लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई यस गरीमामय सभामा हार्दिक स्वागत गर्दै उपस्थितिको लागि धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम महाबु गाउँपालिकाको यस सम्मानित गाउँसभाको १७ औं अधिवेशनमा पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु ।

यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन,कर्णाली प्रदेश स्थापनार्थ भएको जनआन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा वेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मान गर्दै सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो उत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक, अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै सम्मान व्यक्त गर्न चाहन्छु ।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्सरचना पश्चात संविधानतः गठित स्थानीय सरकारको दोस्रो कार्यकालको पहिलो तीन वर्ष समेत व्यतित भई सकेको छ। यस अवधिमा नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनुरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न महाबु गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेकै छ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई सम्बोधन गर्दै जनताको बृहत्तर हित र लोककल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठुला समस्याहरुको प्रत्यक्ष हल गर्न खोज्नु, स्थानीय नेतृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानीय रुपमा उपलव्ध स्रोत साधनको अधिकाधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने हाम्रो शासकीय जिम्मेवारी रहेको छ। उक्त शासकीय जिम्मेवारीलाई गहन

रुपमा बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकारसंगको समन्वय र सहकार्यका साथै विकासका अन्य साझेदारहरुसंगको साझेदारी र सहकार्यमा उपलब्ध प्रशासनिक संयन्त्रलाइ कुशलता पूर्वक परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको र भइरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम महाबु वासि नागरिक लाई अवगत गराउन चाहान्छु। यस बीचमा आर्थिक, सामाजिक, साँस्कृतिक र संस्थागत सुशासन विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन्। स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल गरि नसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलब्धता, महत्वकांक्षी सोच लगायतका विद्धमान अवस्थाका कारण जनअपेक्षाअनुकूल कामहरु हुन नसकेको वास्तविकतालाई हामिले स्वीकार्नै पर्छ। वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको बन्दोवस्त हुँदै गएको, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिबद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, नागरिकमा आएको चेतना अभिवृद्धि नागरिकमा आएको परिवर्तन साथै दुर्ततर सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा अबका दिनहरुमा सिमित स्रोतको उच्चतम् परिचालन मार्फत जनताको इच्छा, चाहना र आधारभूत आवश्यकताहरुलाई पूरा गर्न महाबु गाउँपालिका प्रतिबद्ध रहेको व्यहोरा समेत यस सम्मानित सभामा प्रस्तुत गर्न चाहान्छु।

स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनीक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तीय संघीयता र प्रशासनीक संघियताको पाटो भने पेचिलो बन्दै गएको छ। स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर (Fiscal Gap) पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु र प्रतिवद्धता अनुरुपको रकम प्राप्त नहुनु. कर्मचारी समायोजन भई स्थानीय सेवा सम्बन्धी ऐन निर्माण भएतापनि जनप्रशासनको मूलनीति र मार्गदर्शकको रुपमा रहेको संघीय निजामती सेवा ऐन हालसम्म जारी हुन नसक्दा वित्तीय संघीयता र प्रशासनिक संघीयताका कतिपय विषयहरु अझैपनी अनिश्चितताको गर्भमै रहेका छन्। जसले गर्दा सार्वजनिक खर्च व्यवस्थापनका साथै कर्मचारी व्यवस्थापन र वृत्ती विकासका विषयहरुमा स्पष्टता हुन सकेको देखिँदैन फलस्वरूप संगठनको अपेक्षित उत्पादकत्व हाँसिल हुन सकेको छैन।

**गाउँसभाका सदस्यज्यूहरु,**

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकावासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८२/८३ को नीति तथा कार्यक्रमलाई अभिमुख

गरेका छौं । यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समुन्नत महाबुः सुखी महाबुबासी**को दिर्घकालिन सोच सार्वजनिक, विकास साझेदारहरु र समुदायको साझेदारी मार्फत हासिल गरिनेछ ।

महाबुबासीको परिवर्तनको चाहना एवं विकास र समृद्धिको सपनालाई सार्थक बनाउन विगतलाई समिक्षा गर्दै आगामी दिनको लागि मार्गनिर्देश गर्नेछ । सामाजिक न्याय सहितको बहुआयामिक आदर्श समाज एवं तिव्र विकासद्वारा **"समृद्ध नेपाल, सुखी नेपाली"** को राष्ट्रिय आकांक्षासंग हातेमालो गर्दै **समुन्नत महाबुः सुखी महाबुबासी** बनाउन अगाडी बढ्ने आधार तयार भएको छ । **"सामाजिक, आर्थिक, पूर्वाधार र संस्थागत क्षेत्रको विकास गरी प्रविधिमैत्री एंव सुशासनयुक्त समुन्नत महाबु निर्माणको आधार"** भन्ने मूल लक्ष्यका साथ नेपालको संविधानद्वारा स्थानीय तहलाई प्रद्धत्त अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधान, १६ औ आवधिक योजना, महाबु गाउँपालिकाको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, दिर्घकालिन सोच, लक्ष्य तथा उद्देश्यसंग तादम्यता हुने गरी महाबु गाउँपालिकाको आवश्यकता, साधन श्रोतको उपलव्धता, संस्थागत क्षमता समेतको आधारमा आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम तय गर्ने प्रयास गरिएको छ ।

**गाउँसभा सदस्यज्यूहरु**

संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु, आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु, विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु, गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ,सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु , सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाई बजार सम्मको पहुँच स्थापित हुनु, स्थानीय सरकारले कानून बनाउन र कार्यान्वयन गर्न सक्ने, स्थानीय कर संकलन गर्न पाउने, स्थानीय कर्मचारी सेवा र अन्य सेवाको गठन गर्न पाउने, संघ र प्रदेश सरकारबाट समन्वय, निर्देशन र सहयोग लगायत नमुना कानूनको उपलब्धता हुनुलाई पनि अवसरको रुपमा लिन सकिन्छ, महाबु गाउँपालिकामा चेतनशिल र जागरुक नागरिक, उच्च पदस्थ पेशाकर्मी, राजनीतिक दल र बुद्धिजिवि नागरिक समाजबाट हुने रचनात्मक सहयोग, विभिन्न सहयोगी संघ, संस्था, सहकारी, निजि व्यवसायीक क्षेत्र, कृषक समूह, वन उपभोक्ता समूह क्रियाशिल हुनु, मध्यपहाडको मनोरम भूभाग र कृषि, पशुपालन, वन जंगल, जडिवुटी एवं हरियाली क्षेत्र, जैविक विविधता, छामघाट खोला तथा ताराघाट खोलाले घेरीएको, महाबु मन्दिर लगायतका धार्मिक तथा पुरातात्वीक सम्पदा, स्थानीय जात जातीका लोक कला, संस्कृती र मानव श्रोतलाई यस गाउँपालिकाको अवसरका रुपमा लिन सकिन्छ ।

रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु, बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु, गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु, युवा जनशक्तिलाई कृषि ब्यवसाय प्रति आकर्षित गर्नु, व्यवसायिक कृषकको संख्या वृद्धि गर्नु, वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाई उद्यम विकासमा उपयोग गर्नु, निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु, सडक लगायतका पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु, भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु, अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु, बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारिक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु, सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु, विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु हाम्रा लागि चुनौतिका लागि रुपमा रहेका छन् ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**अब म आगामी आर्थिक** वर्ष २०८२/०८३ को लागि महाबु गाउँपालिकाले अबलम्बन गरिने मुख्य मुख्य क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**गाउँसभा सदस्यज्यूहरु,**

**<u>आर्थिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।</u>**

### क) कृषि तथा पशुपंछी विकास सम्बन्धी नीति

१. दिगो आर्थिक विकासको मुख्य संवाहकको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण, विविधिकरण, उद्यमिकरण र यान्त्रिकरण गर्दै स्थानीय अर्थतन्त्रलाई मजबुत र आत्मनिर्भर बनाउने तथा गाउँपालिकाका नागरिकको जिवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने दिर्घकालीन लक्ष्य सहित संगठित प्रयास गरिनेछ।

२. **"स्वच्छ पर्यावरणः स्वस्थ जीवन"** भन्ने नारा सहित **एक घर एक प्राङ्गारिक करेसावारिको** कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सिचाँई सुविधाको प्रवन्ध सहित उन्नत र गुणस्तरीय तरकारीको बिउ बितरण गर्ने कार्यलाई वृहत गराइनेछ।

३. किसानहरुमा कृषि सम्बन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रत्येक टोल विकासमा **कृषि ज्ञान सञ्चार कार्यक्रम** लागु गरिनेछ ।

४. प्रत्येक वडामा विशिष्ठिकृत नमूना पकेट क्षेत्र विकास गर्न सबै वडाहरूलाइ विभिन्न पकेट क्षेत्रको रूपमा विकास गर्ने गरी आवश्यक बजेट योजना तथा कार्यक्रम ल्याइनेछ। बालि संरक्षणका लागि बालि संरक्षण कार्यक्रम संचालन गरिनेछ ।

५. कृषकको तथ्याङ्कीय आधारमा मापनयोग्य परिभाषीकरण गरी कृषकको परिचयपत्र वितरण गर्ने र परिचयपत्र प्राप्त गर्ने कृषकलाई मात्र वित्तीय उत्प्रेरणा र अन्य प्रोत्साहन सहभागी गराइने छ।

६. विजन वितरण गर्ने व्यवस्था गरिनेछ भने ति बस्तुहरुको प्याकेजिङ्ग, ब्रान्डिङ्ग गरी विक्रिको लागि बजारसंग सम्बन्ध स्थापित गरिनेछ ।

७. वडाको सम्भाव्यताका आधारमा भौगोलिक विशेषता प्रतिविम्बित हुने गरि उष्ण, उपोष्ण र समशितोष्ण जलवायू अनुसारको उपयुक्त व्यावसायिक कृषि पकेट बस्तु क्षेत्रको विकास गर्न एकिकृत प्याकेज कार्यक्रम लागु गरिनेछ। यसमा कम आयतन बढी मुल्य पर्ने अलैची खेती, टिमुर, किवी, च्याउ, केरा, आँप, एभोकाडो, लिचि, नास्पाती, हलुवावेद,ड्रागन फुट्र, ओखर, अनार, कागति, सुन्तला तथा अमिलो जातका फलफूल, बेमौसमी तरकारी खेती, तरकारी बिउ उत्पादन र मसला बाली प्रवर्दनमा विशेष जोड दिइनेछ।

८. कृषकलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाका लागि स्थानीय स्तरमा **कृषि पाठशाला** संयन्त्र विकास गरिनेछ ।

९. प्राकृतिक विपद् र रोग किराको महामारीबाट भएको क्षतिको हकमा विउविजन र मलखादमा प्रयोग भएको प्रत्यक्ष लागत (Direct cost) सम्मको क्षतिपूर्ती बेहोर्ने गरी कृषक कल्याण कोषको व्यवस्था गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ ।

१०. माटोको उर्वरा शक्ति वृद्दि तथा कायम राख्नको लागि माटो शिविर मिनी ल्याव संचालन र रासायनिक मलको प्रयोगलाई निरुत्साहित गर्दै गोठेमल सुधार तथा भकारो व्यवस्थापन कार्यक्रम निरन्तरता दिइनेछ। साथै प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ।

११. निर्वाहमुखी तथा परम्परागत पशुपालनलाई आधुनिक एवं व्यवसायिक पशुपन्छी पालनको रूपमा विकास गरी दूध, मासु र अण्डामा आत्मनिर्भर गराइनेछ । दुग्ध व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न डेरी स्थापना तथा संचालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।

१२. पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत विरामी पशुको औषधि उपचार, रोग निरोधक खोप, महामारी नियन्त्रण कार्यक्रम नियमित रूपमा सञ्चालन गरिनेछ। साथै सेवाको पहुँच बाट टाढा रहेका क्षेत्रमा निःशुल्क पशु स्वास्थ्य शिविर र परजीवी नियन्त्रण शिविर सञ्चालन गरिनेछ ।

१३. गाउँपालिकामा सक्रिय कृषकहरुलाई अन्तर जिल्ला अध्यायन अवलोकन भ्रमणका माध्यमबाट कृषि क्षेत्रका नयाँ ज्ञान सिप भित्राउनुका साथै पालिका स्तरिय **कृषि प्रदर्शनी मेलाको** आयोजना गरी **उत्कृष्ट कृषक पुरस्कार तथा सम्मान** गर्ने नीति लिइनेछ ।

१४. कृतिम गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिनेछ ।

१५. बाखा, भैसी, बंगुर, कुखुरा, कालिज तथा माछापालनका लागि उत्पादन वृद्धि र ग्रामीण आर्थिक सशक्तिकरणलाई लक्षित गर्दै विशेषीकृत उत्पादन क्षेत्र (पकेट क्षेत्र) पहिचान गरि त्यस अनुसार छुट्टाछुट्टै कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ ।

१६. स्वास्थ्य तथा सरसफाइलाई ध्यानमा राख्दै भकारो सुधार तथा मलमुत्र संकलन र कृषकलाई जैविक बिषादि प्राङ्गारिक मल उत्पादन गर्न आबश्यक तालिम तथा सामाग्री उपलब्ध गराइने छ ।

१७. यस गाउँपालिकामा दैविक प्रकोपबाट पशुपंछीमा हुने क्षती र कृषकहरुमा परेको असरलाई मध्यनजर गर्दै कृषि र पशु बिमामा अनुदानको व्यवस्था गरिनेछ ।

१८. गाउँपालिकाभित्र कुकुरको संख्यामा नियन्त्रण गरी रेबिज रोगको न्यूनीकरण गर्ने उद्देश्यले कुकुरको बन्ध्याकरण, खोप लगाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ । पशु स्वास्थ्य उपचारका लागि विभिन्न खोप सेवालाई अभियानको रुपमा संचालन गरिनेछ ।

१९. व्यवसायिक पशुपालन मार्फत किसानको आयस्तरमा वृद्धि ल्याउनुका साथै पोषणस्तरमा सुधार ल्याउन पशु पालन व्यवसायलाई प्राथमिकता दिइनेछ । बहुबर्षिय घास जस्तै अम्लिसो, मलासेसको रोपणका लागि प्रोत्सहान गरिनेछ । एक वडा एक डिपिङ्ग ट्यांक को व्यवस्था गरिनेछ ।

२०. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणका साथै कृषि उत्पादन, सामाग्री तथा प्रबिधिको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, एग्रोभेट स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ । सो प्रयोजनको लागि नीजि क्षेत्र तथा सहकारीहरुलाई समेत प्राथमिकताका साथ परिचालन गर्ने नीति लिइनेछ ।

२१. **"प्रत्येक घरमा फलफुल र तरकारी, बाझो जमिनमा खेति भरौ भकारी"** भन्ने मुल नाराका तय गरि पालिका, बिकास साझेदारहरु सँग साझा अभियान सञ्चालन गरि **“बाँझो जमिन, खेति अभियान”** कार्यक्रम सञ्चालन गरिने छ ।

## ख) लघु, घरेलु उद्योग तथा वाणिज्य सम्बन्धी नीति

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्दा मेड्पा निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकासका विभिन्न मोडेलहरु अवलम्बन गरी उद्यम विकास सम्बन्धी सेवाहरुलाई एकीकृत रुपमा प्रदान गरिने छ ।

२. मागमा अधारित उद्यम पर्यटन कृषि तथा गैह्र कृषि क्षेत्रमा जोड दिई स्थानीय श्रोत साधन प्रयोग गरी उत्पादनमा जोड दिदै आत्मनिर्भरता तर्फ उन्मुख गरी व्यावसायिकरणको माध्यमद्वारा हाल

भैरहेको आयातमा प्रतिस्थापन गरी उद्यमशिलता मार्फत गाउँपालिका भित्र रहेका युवा तथा लक्षित वर्गलाइ आत्मनिर्भर बनाउन जोड दिइनेछ ।

३. बजारको मागका साथै श्रोतसाधनको उपलब्धता र जनचाहनामा आधारित उद्यम स्थापना तथा विकास र उधमीको स्तरोन्नति गरिनेछ । युवा स्वरोजगारको लागि स्थानीय ज्ञान सिपलाई प्रविधिसँग जोड्न उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ ।
४. लघु उद्यमीहरुले उत्पादन गरेका ढाका, होजियारी, अल्लो, दुनाटपरी, दालमोठ, अगरबत्ति लगायत स्थानीय बाँस, निगालो बाट बन्ने डोको, स्याँकु, डालो, सुपो लगायतका सामाग्री बस्तुहरुको बजारीकरण तथा प्रवर्द्धनमा जोड दिनुका साथै कोशेली घरको अवधारणालाई कार्यान्वयन तथा सञ्चालनमा ल्याउनको लागि विशेष पहल गरिनेछ ।
५. उद्यमशिलता विकास गरी लघु उद्यमी तयार गर्न विभिन्न प्रकारका सिपमुलक तालिम स्तर उन्नति तालिम र पुनःर्ताजगी तालिम संञ्चालन गरिनेछ । **एक वडा एक नमुना उद्यम** सिप विकास तालिम कार्यक्रम संचालनमा ल्याइने छ ।
६. उपभोक्ता हित संरक्षणका लागि सरोकारवालाहरुको समन्वयमा बजार अनुगमनलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
७. यस गाउँपालिकामा रहेका युवाहरुका लागि स्थानिय ज्ञान सिपलाइ प्रविधिसँग जोड्न **उपाध्यक्ष लघुउद्यम कार्यक्रम**लाई निरन्तरता दिइने छ ।
८. महाबु गाउँपालिकामा प्रचुर मात्रामा रहेको स्लेट र काइनाइटलाई प्रशोधन गरि बजारसम्म पहुँच स्थापित गर्न आवश्यक पहल गरिनेछ ।

### ग) पर्यटन तथा संस्कृति सम्बन्धी नीति

१. स्थानीय मौलिक कला संस्कृति झल्किने देउडा नाच, मारुनी नाच, हुड्के नाच, पञ्चेवाजा, रत्यौली, देउसी भैलो, धमारी, तरवार नाच, सरम नाँच जस्ता कला संस्कृतिको उचित संरक्षण एवं प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु संचालनमा गरिनेछ ।
२. पालिकाभित्र रहेका धार्मिक एवं सांस्कृतिक सम्पदाहरु संरक्षण गर्दै मौलिकपन सहितको आन्तरिक तथा वाह्य पर्यटकिय आकर्षकको रुपमा विकास गरिनेछ ।
३. महाबु गाउँपालिकाको ऐतिहासिक तिर्थस्थल महाबुधाम, वडा नं ५ स्थित महाबै जगनाथ र भगवती मन्दिर, महाबु ४ स्थित गिताचौर शिवालय तथा महाबै जगनाथ, वडा नं १ स्थित दुम्जा महाबै जगनाथ, वडा नं ३ स्थित ताउलाखार गुफा र मालिका पार्क, वडा नं २ स्थित कैलाश मन्दिरमा आवश्यक पर्यटकिय पुर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।
४. पालिकाभित्र रहेका होमस्टेहरुको प्रवर्द्धन गरी पाहुनाको स्वागत सत्कार गर्ने संस्कृतिको विकास गर्न र नयाँ होमस्टे स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

५. गाउँपालिकाका विभिन्न स्थानहरुमा रहेका ऐतिहासिक र पुरातात्विक महत्वका देवलहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।
६. महाबु लेकको प्राकृतिक शौन्दर्यलाई कायम राख्न र यस पालिकाको पर्यटन प्रर्वद्दनका लागि आवश्यक पर्यटकिय पुर्वाधार निर्माणका लागि संघिय सरकार र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ ।

**घ) सहकारी सम्बन्धी नीति**

१. गाउँपालिका भित्रका सवै सहकारीमा आवद्ध सदस्यहरुलाई सहकारी शिक्षा सम्बन्धी तालिमको ब्यवस्था गरिनेछ ।
२. निस्क्रिय समस्याग्रस्त सहकारीहरुको तथ्याङ्क संकलन गरी संचालनका लागि आवश्यक पृष्ठपोषण तथा दर्ता खारेजीको प्रक्रिया अगाडि बढाइनेछ ।
३. समान उद्देश्य भएका सहकारीहरुलाई आवश्यकताका आधारमा एकीकरण गर्ने नीति लिइनेछ ।
४. महाबु गाउँपालिका कार्यक्षेत्र भएका सम्पुर्ण सहकारीहरुलाई कोपोमिस प्रणाली अनिवार्य रुपमा आबद्द गरिने छ।

**ङ) श्रम तथा रोजगारी सम्बन्धी नीति**

१. रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत भएका बेरोजगार व्यक्तिहरु मध्ये स्तरीकरणका आधारमा संघ, प्रदेश र स्थानीय तहद्धारा विनियोजित बजेटबाट सञ्चालित आयोजनाहरुमा सुचिकृत कामदारहरुलाई सहभागी गराई कार्यक्रमले लिएको लक्ष्य अनुसार अधिकतम १०० दिनको रोजगारी सिर्जना गरिने छ ।
२. वेरोजगार व्यक्तिहरुको सूचीकरण कार्यलाई आगामी आर्थिक बर्ष २०८२/०८३ मा पनि निरन्तरता प्रदान गरिने छ ।
३. श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप सञ्चालन गरिनेछ ।
४. गाउँपालिकावाट सिर्जना हुने रोजगारीमा रोजगार सेवा केन्द्रमा सूचिकृत भएका वेरोजगारहरुलाई प्राथमिकता दिइनेछ ।
५. सवै तहका सरकार, निजी तथा गैर सरकारी क्षेत्रहरुले गर्ने कार्यक्रममा नागरिकको रोजगारीलाई केन्द्रविन्दुमा राखिनेछ ।
६. गाउँपालिकामा बेरोजगार युवाहरुको तथ्याङ्क अद्यावधिक गरी स्वरोजगार बनाउने सिपमुलक कार्यक्रम संचालन गरिनेछ ।
७. वैदेशिक रोजगारिवाट फर्केका युवाहरुलाई उनीहरुको सिप र क्षमता अनुसारको कार्य गर्न प्रोत्साहन गरिनेछ ।

८. आगामी आर्थिक वर्ष देखि राष्ट्रिय रोजगार कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरी एक वडा एक योजनाको नीति अवलम्बन गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

**सामाजिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) शिक्षा युवा तथा खेलकुद सम्वन्धी नीतिहरु**

**विकासको सुत्राधारः शिक्षा नै मूल आधार** भन्ने नाराका साथ आगामि आर्थिक वर्ष देखि शिक्षा क्षेत्रको विकासका लागि अभियानात्मक कार्यकम सञ्चालन गरिनेछ। जसका लागि निम्न नीति तथा कार्यकमहरु सहयोगी हुनेछन्।

१. विद्यालय वाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउन सबै किसिमको प्रयास गरिने छ।

२. गाउँपालिकामा स्थापित वाल विकास केन्द्र मध्ये प्रत्येक वडाका एकवटा वालविकास केन्द्रको छनौट गरी नमूना वालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।

३. कक्षा ८ को गाउँपालिका स्तरीय परिक्षा प्रणालीलाइ थप व्यवस्थीत प्रभावकारी बनाउन केन्द्र व्यवस्थापन, विभिन्न तहको एकिकृत प्रश्नपत्र निर्माण, विज्ञ रोष्टर र प्रश्न बैंकको निर्माण जस्ता कार्यलाई व्यवस्थित गरिनेछ ।

४. शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ ।

५. स्थानीय पाठ्यक्रम अनुसारको पाठ्यसामग्री तयार गरी सबै विद्यालयमा वितरणको व्यवस्था मिलाईनेछ ।

६. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षिका सुत्केरीहुदाँ सुत्केरी भत्ता वापत भत्ताको व्यवस्था गरिनेछ । गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुलाई पोशाक भत्ताको व्यवस्था गरिनेछ ।

७. सामुदायिक विद्यालयको शैक्षिक उपलब्धी लगायतको बहुआयामिक उन्नयनको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणाममूखी गराइनेछ। अनुगमनको प्रतिवेदनका आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्ड प्रणालीको व्यवस्था गरिनेछ ।

८. सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक विज्ञ समूह (expert wings) गठन गरिनेछ ।

९. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्ध गर्न विशेष तालिम लाई प्राथमिकतामा राखिनेछ ।

१०. विषयगत शिक्षकहरुलाई तालिम तथा कार्यशाला जस्ता कार्यक्रममा सहभागी गराइ शैक्षिक नतिजा सुधारमा जोड दिइनेछ। गणित, विज्ञान र अङ्ग्रेजी विषयमा कुनै पाठ्य विषयवस्तु केन्द्रित रही best teaching way and trick साझा गर्ने गरी विषयगत शिक्षकहरु सम्मिलित knowledge sharing camp सञ्चालन गरिनेछ ।

११. विद्यालयका शैक्षणिक **असल अभ्यासहरु** (best practices) को आदानप्रदान गर्ने गरी कार्यशाला सञ्चालन गरिनेछ। साथै विषयविज्ञहरु मार्फत अन्तरविद्यालय अध्यापन गराउने गरी **ज्ञान हस्तान्तरण** (knowledge transfer) को कार्यक्रमहरु संचालन गरिनेछ।

१२. नतिजामा आधारित मूल्यांकन गरी दण्ड र पुरस्कारको व्यवस्था गर्न शिक्षा अधिकृत प्र.अ.वीच कार्यसम्पादन सम्झौता गर्ने साथै प्र.अ. र विषयगत शिक्षकहरुवीच कार्यसम्पादन करार संझौता गर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

१३. विद्यार्थी भर्ना दरको प्रतिशत वृद्धि गर्ने सर्वोत्कृष्ट विद्यालयलाइ पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

१४. विद्यालयका प्रधानाध्यापक, गाउँ शिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक बसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिनेछ । **"हामि सुधार छौ, हाम्रो विद्यालय"** अभियान संचालन गरिनेछ ।

१५. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरुलाई समायोजन गर्ने सिकाइको स्तर र विद्यार्थि संख्या न्यून भएका विद्यालयवाट कक्षा घटाउने नीति अवलम्बन गरिनेछ । विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

**१६. "प्रविधिमैत्री शिक्षा हामि सबैको इच्छा"** विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाइ गुणस्तरीय शिक्षामा सबैको पहुँच बृदि गर्न सबै विद्यालयमा प्रविधिको पहुँच विस्तार गरिनेछ ।

१७. विद्यालयका पुराना भौतिक संरचनाहरू सुधारहरू गर्दै नयाँ संरचनाहरू सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिनेछ । विद्यालयमा विद्यार्थिहरुको बसाई व्यवस्थापनमा सहजता ल्याउन आवश्यकताका आधारमा फर्निचर, शुद्ध खानेपानी, शौचालय र खेल सामाग्रीको व्यवस्था गरिनेछ ।

१८. प्रत्येक वडामा युवा क्लब गठन गर्नका लागि आवश्यक कानूनी व्यवस्था सहित प्रक्रिया अगाडी बढाइनेछ ।युवाहरूमा सकारात्मक अभिवृत्ति विकासका लागि युवा प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. महाबु युवा प्रोफाइल तयार गर्नका लागि सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी समाज रूपान्तरणमा युवा परिचालन गरिनेछ ।

२०. राष्ट्रिय युवा नीति, २०७२ को भावना अनुरूप युवा विकासका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । युवाको नेतृत्व विकास, सहभागिता, परिचालन, उत्प्रेरणा साथै सिप

विकासका लागि युवा परिषद्को गठन गरिनेछ र सो मार्फत विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

२१. **"राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद"** भन्ने भनाइलाई आत्मसाथ गरी महाबु गाउँपालिका भित्र संचालित आधारभूत तथा माध्यामिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूको सर्वाङ्गिण विकास गर्नका विभिन्न विधाका खेलकुदको आयोजना गरिनेछ । यसका लागि **अध्यक्ष कप रनिङ्ग शिल्ड** प्रतियोगिताको आयोजना गरी विद्यार्थीको हरेक विद्यामा सहभागिताको दर बढाउन कार्यक्रम संचालन गरिनेछ ।

२२. पालिका स्तरीय खेलकुद विकास सम्बन्धी कार्यविधि तर्जुमा गरी खेलकुद विकास समिति गठन गरिनेछ ।

## ख) स्वास्थ्य तथा पोषण सम्बन्धी नीति

१. स्वास्थ्य सेवालाई थप व्यवस्थित र नतिजामुखी बनाउन एकिकृत अनुगमन तथा सुपरिवेक्षण निर्देशिका जारी गरी नियमित रुपमा स्वास्थ्य सेवाप्रवाहलाई थप व्यवस्थित बनाईनेछ ।

२. पालिकका सम्पुर्ण स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइमा प्रत्येक महिनाको एक पटक मेडिकल अफिसर र ल्याबको सुविधा सहित स्वास्थ्य उपचारको ब्यवस्था मिलाइनेछ ।साथै सबै स्वास्थ्य चौकिमा क्रमश प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

३. एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रुपमा भईरहेको अभिलेख तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित गरी सबै स्वास्थ्य संस्थाहरुलाई श्रोतयुक्त बनाई तथ्याङ्कको गुणस्तरियता कायम गरि सो तथ्याङ्कलाई आगामी दिनहरुमा तथ्यमा आधारित स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा तथा कार्यक्रम बनाउन योग्य बनाउनका लागि आवश्यक कार्यक्रम कार्यान्वयन गरिनेछ ।

४. गुणस्तरिय सुरक्षित मातृत्व सेवा, परिवार नियोजन, खोप, पोषण लगायतका सेवाहरुलाई थप व्यवस्थित, गुणस्तरिय र सेवाग्राहीमुखी बनाई गर्भका कारणले हुने जटिलता कम गरि मातृ तथा नवजात शिशु र बालवालिकाहरुमा हुने विरामी दर र मृत्यदरमा कमि ल्याईनेछ ।

५. मानसिक समस्याबाट हुने बिरामी दर र आत्महत्या कम गर्नका लागि मानसिक स्वास्थ्य शिक्षा, समस्या पहिचान र उपचारको व्यवस्था गरिनेछ ।

६. गुणस्तरीय परिवार नियोजन सेवाको सुनिश्चितता र सेवा प्रवाह गरि परिवार नियोजनका आधुनिक साधन प्रयोगकर्ताको दरमा वृद्दि गरिनेछ ।

७. मादक पदार्थ, सुर्तिजन्य पदार्थ र लागु पदार्थ दुर्व्यसनको प्रभावले मानव स्वास्थ्यमा पर्ने असर न्युनिकरण गर्नका लागि स्वच्छ जीवनशैली अपनाउनका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम कार्यान्वयन साथै सुर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन ऐन २०६८ को पुर्ण कार्यान्वयन गरिनेछ ।

८. गर्भ अवस्थामा हुने जटिलतालाई समयमै पत्ता लगाई सुरक्षित मातृत्व र नवजात शिशुहरुको स्वास्थ्य प्रवर्द्धन गर्नका लागि गर्भवती महिलाहरुका लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम लाई थप विस्तार गरी लागु गरिनेछ ।

९. स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड पुरा गर्नका लागि स्वास्थ्य संस्थामा आवश्यकता अनुसार भौतिक संरचना, औजार उपकरण तथा औषधि र कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

१०. स्वास्थ्य सेवा प्रदायकहरुको मनोबल उच्च राखका लागि कार्य सम्पादनका आधारमा पुष्ठपोषण, दण्ड तथा पुरस्कारको व्यवस्था गरि स्वास्थ्यकर्मीहरुको क्षमता बिकास र मनोबल वृद्दि गर्न सहयोग गरिनेछ ।

११. महिला स्वयंसेविकाहरुले समुदायमा गर्नुभएको कार्यको मुल्याङ्कन गर्दै प्रोत्साहन गर्न **स्वयंसेविकाहरु संग उपाध्यक्ष विशेष कार्यक्रम** संचालन गरिनेछ ।

१२. ८० वर्ष माथिका ज्येष्ठ नागरिक, गर्भवती महिला, सडक दुर्घटनामा परेका ब्यक्ति, अपाङ्गता भएका ब्यक्ति र असहाय नागरिकका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

१३. आधारभूत स्वास्थ्य सेवा जनताको मौलिक अधिकार भएकाले विभिन्न उपचारात्मक, प्रर्वद्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा प्राथमिक स्याहारका कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी सम्भावित जटिल रोगको समेत पहिचान र निदानमा सहयोग पुऱ्याइनेछ । पालिकामा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर, मोतिविन्दु निशुल्क शिविर जस्ता कार्यक्रमलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

१५. महाबु अस्पतालबाट २४ सै घण्टा आकस्मिक सेवा प्रदान गर्न थप व्यवस्थित बनाइनेछ । प्रत्येक वडामा रहेका स्वास्थ्य संस्था मार्फत सुरक्षित मातृत्व वाल पोषण खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१६. वाल मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवति उत्प्रेरणा सेवा, न्यानो झोला र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. स्वस्थकर आहार, विहार र स्थानीय स्तरमा पाइने जडिवुटीको प्रयोग बाट नसर्ने रोगको व्यवस्थापनको लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

१८. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य परम्परागत चिकित्सा पद्धतिको विकास गरिनेछ ।

१९. **"मेरो स्वास्थ्य मेरो जिम्मेवारी"** भन्ने नारालाई साकार पार्न योग र योगसँग सम्बन्धित सेवा सुविधा सम्पन्न योग हलको निर्माण गर्न कर्णाली प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक समन्वय तथा पहल गरिने छ । स्वास्थ्यका लागि खुला व्यामशाला निर्माणका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२०. विद्यालय आयुर्वेद र योग शिक्षा कार्यक्रमलाई पालिका भित्रका मावि तहका विद्यालयहरुमा सञ्चालन गरिनेछ ।

२१. गर्भवती आमा र सुनौला हजार दिनका आमाहरुको पोषण को अवस्थामा सुधार ल्याई कुपोषणको चक्र हटाउन **उपाध्यक्ष पोषण कोशेली कार्यक्रम**लाई निरन्तरता दिइने छ ।

२२. दीगो विकासका लक्ष्य अनुरुप वि.स. २०८४ सम्म पोषण मैत्री गाउँपालिका घोषण गर्नका लागि टोल बस्ति समुदाय वडा र पालिकाले ४९ वटा सुचकहरुलाई मध्यनजर गर्दै पोषण मैत्री गाउँपालिका अभियान संन्चालन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२३. परम्परागत खाद्य बस्तुमा आधारित पोषणयुक्त आहारहरुको तयारी सुचना स्थानीय रेडियो तथा होडिङ् बोर्ड मार्फत सम्प्रेषण गरिनेछ ।बालपोषण भत्ताको उपयोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरिनेछ ।

२४. पोषण सुधारकालागि रैथानेवाली  संरक्षण र प्रर्वदनका लागि अभिमुखिकरण तथा घरबाट निस्कने फोहोरपानीको उचित सदुपयोग गर्नका लागि किसानलाई करेसावारी निर्माण, तरकारी उत्पादन र कृषि सामग्रीमा अनुदानको व्यवस्था गरिनेछ ।

२५. पालिकामा पोषण सुधारका लागि विपन्न समूहका महिला समूह वा सहकारीहरुका विपन्न सदस्यहरुको आय आर्जन सुधार गर्न अनुदानको ब्यवस्थालाई निरन्तरता दिइनेछ ।

### ग) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति

१. नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलव्ध गराउने तथा दिगो विकास लक्ष्य नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलव्ध गराउने लक्ष्य पूरा गर्न खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रको योजना तर्जुमा, बिद्यमान खानेपानी योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन, हालसम्म सो सुविधा पुग्न नसकेको क्षेत्रको पहिचान गरी समता मूलक तथा सहभागितात्मक पद्धति अवलम्बन गरी समन्वयात्मक एवम् पारदर्शी रुपमा सेवा प्रदान गर्न **"एक घर, एक धारा"** नीतिलाई निरन्तरता दिइनेछ साथै सोको सेवालाई दिगो र भरपर्दो बनाउन पालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन बोर्ड स्थापनाका लागि आवश्यक पुर्व तयारी गरी सो मातहत वास र वातावरण युनिट मार्फत नयाँ योजना निर्माण तथा विद्यमान योजनाहरुको मर्मत सम्भारको सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

२. यस पालिकाका सम्पूर्ण वडाहरुमा बसोबास गर्ने नागरिकहरुलाई नेपाल सरकारको राष्टिय खानेपानीको गुणस्तर मापदण्ड अनुसारको स्वच्छ र गुणस्तरीय खानेपानी सेवा प्रदान गर्न पालिका स्तरीय खानेपानी गुणस्तर परिक्षण प्रयोगशालाको क्षमता र कार्यसम्पादन अभिवृद्धि गरिने छ । आयोजनाहरुमा खानेपानीको गुणस्तर परिक्षण योजना बनाइ नियमित रुपमा परीक्षण गरि N-WASH MIS मा अद्यावधिक गरिनेछ ।

३. जलवायु परिवर्तनका कारणले भविष्यमा खानेपानीमा पर्न सक्ने असरलाइ मध्यनजर राखी खानेपानी योजनाको स्तरोन्ती, पुनर्निर्माण वा निर्माण गर्दा पानीको मुहानको क्षमता हेरी सके सम्म उच्चस्तरको खानेपानी सुबिधास्तर उपलब्ध गराउने र जलवायु परिवर्तनको असर र अनुकुलनका उपायहरु अवलम्बन गरि योजना तर्जुमा गरिनेछ । खानेपानीका मुहान संरक्षणका लागि आवश्यक योजना तर्जुमा तथा बजेट बिनियोजन गरिने छ ।

४. खानेपानीको सेवास्तर वृद्धि गर्दा समाबेशी, लैंगिक समानता, अपांगता भएका व्यक्तिहरुको आबश्यकता र जलवायु उत्थानशील खानेपानीको सेवास्तर वृद्धि गर्न हाल पालिका स्तरमा सम्पन्न भएका समुदायमा आधारित **नमुना** खानेपानी ब्यबस्थापन मोडेललाई क्रमश वडा र पालिका स्तरमा बिस्तार एबम एकीकृत गरिनेछ ।

५. विभिन्न समयमा निर्माण भै हाल संचालनमा रहेका, सामान्य मर्मत सम्भार गरिनु पर्ने खानेपानी योजनाहरुका उपभोक्ता समिति तथा सेवा प्रदायकहरुलाई सम्बन्धित पालिका स्तरमा सुचिकृत गर्ने र जलवायु उत्थानशील खानेपानी सुरक्षा योजना तयार गर्न क्षमता अभिवृद्धि गरिनेछ ।

६. गाउँपालिका, वडा तथा टोल स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिलाई अभिमुखीकरण गरि खानेपानी योजनाको दिगो संचालन, सम्भार तथा मर्मत गर्न गाउँपालिकाको खानेपानी प्रमाणिक कार्यबिधि लागु गरिनेछ र सो अनुसार अनुगमन तथा नियमन प्रणालीको प्रभावकारी रुपमा लागु गरिनेछ ।

७. गाउँपालिकालाई पूर्ण सरसफाई उन्मुख बनाउन सार्बजनिक स्थल, विद्यालयहरूमा खानेपानी तथा सरसफाई र वातावरणीय स्वच्छता लगाएतका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।

८. पानी स्रोतको संरक्षण गरी खानेपानी आपूर्तिको दिगो व्यवस्थापन गर्न खानेपानीका आयोजना निर्माण गर्दा मुहानमा सिमेन्ट र कंक्रिटको प्रयोग नगर्ने नीति ल्याइनेछ ।

९. वातावरणीय सरसफाइ तथा स्वच्छताका लागि दलित विपन्न तथा पिछडिएको टोल बस्तीहरुमा आवश्यक तालिम तथा परामर्श दिइ विविध अत्यावश्यक संरचनाहरु जस्तै जुठ्यान, चाङ्ग, फोहोरमैला ब्यवस्थापन गर्ने खाल्डो निर्माण गर्न आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ ।

१०. महाबु गाउँपालिकाका ६ वटै वडाका विभिन्न टोल वस्तिलाई आवश्यक मापदण्ड पुरा गरी क्रमश **पूर्ण सरसफाइ उन्मुख टोल** घोषणा गरिनेछ । आगामी आर्थिक वर्ष भित्रै महाबु गाउँपालिका वडा नं ५ लाई पुर्ण सरसफाइ तथा स्वच्छता युक्त वडा घोषणा गरिनेछ ।

११. समावेशी र जलवायु उत्थान्शील खानेपानी परियोजना बनाउन जोड दिइने र यस्ता किसिमका परियोजना बनाउन बहुसरोकारवालाहरूसँग सहकार्य गरिने छ ।राष्ट्रिय सरसफाई र स्वच्छता व्यवहार परिवर्तन अभियान पालिकाको अगुवाईमा संचालन हुनेछ त्यसका लागि सहयोगी संस्थाहरुसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१२.जलवायु परिवर्तनका असर र हाम्रा गलत अभ्यासले पानीका श्रोतहरुमा परेको नकारात्मक प्रभावलाई कम गर्न पुनरभरण पोखरी निर्माण, वृक्षारोपण अन्य हरित पुर्वाधार जस्ता अभियान सञ्चालन गरि समावेशी, दिगो र जलवायु उत्थानशील जलस्रोत व्यवस्थापन प्रवर्धन गरिने छ ।

१३. गाउँपालिकाले जलस्रोत र प्राकृतिक स्रोतसँग सम्बन्धित क्षेत्रको योजना तयार, संञ्चालन तथा व्यवस्था गर्न आवश्यक योजना ,ऐन नियम कानुन निर्माण गर्ने भएका कानूनहरुको समयानुकुल परिमार्जन गर्ने, खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) र पालिका स्तरीय स्थानीय अनुकूलन कार्य योजना (Local Adaptation Plan of Action) यथाशक्य छिटो कार्यान्वयनमा लैजाने व्यवस्था मिलाइने छ ।

## घ) लैंगिक समता तथा सामाजिक समावेशीकरण र सामाजिक सुरक्षा सम्बन्धी नीतिहरु

१. गाँउपालिकाका क्षेत्र भित्रका बालिकाको उत्थानका लागि आवश्यक योजना तयार गरी कार्यान्वयन गर्ने, राष्ट्रिय नीति अनुरुप अनाथ बालवालिका, असहाय, अपांगता तथा अशक्तहरुको संरक्षण सम्वन्धि कार्य गर्ने र सामाजिक कुरीती हटाउने तथा चेलीवेटी एवंम नारी संरक्षण सम्वन्धी काम गर्ने गराउने तथा पिछडिएका तथा बालवालिकालाई प्रत्यक्ष लाभ पुग्ने कार्यहरु गर्ने गराउने तथा पिछडिएका तथा उत्पिडित बालवालिकाका लागि विशेष संरक्षणका लागि **बालिका विशेष सहयोग** कार्यक्रम सन्चालन गरिनेछ ।

२. अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकारलाई संरक्षण तथा सम्बर्द्धन गर्नका लागि अपाङ्गता परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ र यस कार्यलाई न्यायोचित बनाउनका लागि विगतमा वितरण भएका अपांगता परिचयपत्रहरुलाई संसोधन तथा नविकरणका लागि **घुम्ति शिविर** संचालन गरिनेछ।

३. बालविवाह अन्त्य गर्नका लागि बालविवाह विरुद्धको पञ्चवर्षिय रणनीतिक योजना तर्जुमा गरी बालविवाह अन्त्य गर्न साझेदार तथा सहयोगी निकायहरुसँग समन्वय र सहकार्य गरिने छ।

४. महाबु गाउँपालिकाको भौगोलिक विकटता र यातायातको असुविधाका कारण ज्येष्ठ नागरिक, असहाय, अपाङ्गता भएका ब्यक्तिलाई सरल र सहज रुपमा सामाजिक सुरक्षा भत्तालाई सम्बन्धित वडा कार्यालयबाट त्रैमासिक रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. बाल अधिकार, बालश्रम, बालविवाह, लैङ्गिक हिंसा तथा मानव वेचविखन, सामाजिक विकृति विसङ्गति, लागु औषत दुर्ब्यसनि, अन्धविश्वास तथा कमजोर आत्मवलका विरुद्ध समुदायस्तरमा सचेतनाका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

६. आगामी दिनमा सरकारी सेवा प्रदायक कार्यालय निर्माण गर्दा अपाङ्गमैत्री वालमैत्री भवन निर्माण गरिनेछ ।सार्वजनिक स्थलमा शौचालय निर्माण गर्दा महिलामैत्री र अपाङ्गमैत्री बनाइनेछ ।

७. **बालमैत्री स्थानीय शासन** प्रवर्द्धनका लागि आवश्यक पर्ने न्युनतम मापदण्डहरु पुरा गर्नका लागि विभिन्न कियाकलाप संचालन गरिनेछ। **"गरौ वालवालिकामा लगानी, ल्याउँछ सुनौलो विहानी"** भन्ने

मुल नारालाई आत्मसाथ गर्दै पालिकास्तरमा वाल सञ्जाल र विद्यालयहरुमा वाल क्लवहरुलाई सक्रिय गरी वालमैत्री पालिका घोषणाका लागि आधारहरु निर्माण गरिनेछ ।

८. जातिय विभेद तथा छुवाछुत अन्त्यका लागि जनचेतनामूलक कार्यक्रम अभियानका रुपमा संचालन गरिनेछ ।

९. पालिकामा रहेका ८० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, एकल पुरुष र शहीद तथा वेपत्ता भएका ब्यक्तिका परिवारलाई सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. महिला, दलित, जनजाति र पछाडि पारिएको वर्ग र समुदायका ब्यक्तिहरुलाई लक्षित गरी बहुक्षेत्रीय पोषण कार्यक्रम र गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम संचालन गरिनेछ । **उपाध्यक्ष संग लक्षित बर्ग बिशेष कार्यक्रम** संचालनमा ल्याइनेछ ।

११. अपाङ्गता सहायता कक्ष र बाल हेल्पलाइन सहायता कक्षको निर्माण र अपाङ्गता संजालको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१२. लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि महिलाको नेतृत्व विकासलाई बढावा दिइनेछ र नीति निर्माणमा महिलाहरुको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व सुनिश्चितता गरिनेछ ।

१३. बालअधिकारको संरक्षण तथा प्रबर्द्धनका लागि जोखिममा परेका बालबालिकालाई आपतकालिन उद्धारका लागि बाल उद्धार कोषको व्यवस्था गरिनेछ। बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधिलाई कार्यान्वयनमा ल्याइनेछ ।

१४. गाउँपालिकाको बजेट प्रणालीलाई लाई लैङ्गिक उत्तरदायी बनाइनेछ । बार्षिक रुपमा बार्षिक रुपमा **लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परीक्षण (GESI AUDIT)** गरिनेछ ।

१५. महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

१६. अपाङ्गता सम्बन्धी सचेतना बढाउनको लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामाग्री वितरणलाई निरन्तरता दिइनेछ र सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१७. दलित समुदाय लक्षित सशक्तिकरण तथा सीप विकास सम्बन्धी कार्यक्रमको प्रवन्ध गरिनेछ ।

१८. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षागर्दै सुरक्षित र स्वच्छ तरिकाले बाँच्न पाउने अधिकारको सुनिश्चितता र महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न उपाध्यक्ष को नेतृत्वमा बिद्यालय र आमा समूह मार्फत मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।

१९. लैङ्गिक हिंसा निवारण कोष संचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी कोषलाई सक्रिय बनाइनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**पूर्वाधार विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

**क) भवन वस्ती आवास तथा शहरी विकास सम्बन्धी नीतिहरु**

१. शहरी विकासको मापदण्ड र भवनसंहिता अनुसार घर लगायतका संरचना निर्माण गर्ने नीति लिइनेछ।
२. वीस लाख भन्दा माथिका पूर्वाधारजन्य आयोजनाहरुमा अनिवार्य विमा गर्ने नीति कडाईकासाथ लागु गरिनेछ ।
३. गाउँपालिका क्षेत्रमा भएका पक्की र कच्ची सबै घर अभिलेखीकरण गरिनेछ साथै नक्सा पास र दर्ता गरी अभिलेखीकृत गर्ने नीति लिईनेछ।
४. भुकम्प प्रतिरोधी भवन निर्माणका लागि आवश्यक सिकर्मी डकर्मी जस्ता दक्ष जनशक्ति तयार गर्न विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरुको समन्वयमा उपयुक्त तालिमको व्यवस्था गरिनेछ ।
५. गाउँपालिकाभित्रका सार्वजनिक भवनहरुको अभिलेख अद्यावधिक गर्ने र मर्मत संभार तथा व्यवस्थापन गर्ने कार्य सञ्चालन गरिनेछ ।
६. चालु आर्थिक बर्षमा निर्माणाधिन रहेका क्रमागत आयोजनाहरुलाई आगामी आर्थिक बर्षमा सम्पन्न गर्ने नीति अवलम्बन गरिनेछ ।

**ख) सडक पुल तथा यातायात व्यवस्था सम्बन्धी नीतिहरु**

१. गाउँपालिकाको केन्द्र र सबै वडाको केन्द्रमा बाह्रै महिना सवारी साधन सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरबृद्दिका लागि विभिन्न विकास साझेदार संस्था एवम् संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक पहल गरिनेछ । साथै सडकको दायाँ बायाँ वृक्षारोपण गर्ने कार्यलाई अगाडी बढाई **हरित सडक**को अबधारणा ल्याई वृक्षारोपण गर्ने कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।
२. गाउँपालिका भित्रका मौजुदा सडक व्यवस्थित गर्नका लागि सडक गुरुयोजना निर्माण गरिनेछ ।
३. गाउँपालिका अन्तर्गतका आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी लागत साझेदारीमा निमार्ण कार्य अगाडी बढाइनेछ ।
४. सडक बोर्ड नेपालसंगको साझेदारीलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा साझेदारी वृद्धि गरी थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ ।
५. गाउँपालिका केन्द्रको सडकलाई थप व्यवस्थित बनाइनेछ । नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा मुख्य सडकहरु कालोपत्रे गर्ने कार्यको लागि पहल गरिनेछ ।
६. गाउँपालिका भित्र निर्माण हुने सडकहरुमा यदि ह्याभी इक्यूमेन्ट प्रयोग गर्नुपर्ने भएमा अनिवार्य रुपमा वोलपत्रको माध्यमवाट निर्माण गर्ने ब्यवस्था गरिनेछ ।

७. गाउँपालिका भित्र रहेका सम्पूर्ण सडकहरुमा आवतजावत सहज बनाउन मर्मत सम्भार कोषलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्रका मुख्य सडकहरु मर्मतसम्भार गर्न निश्चित अवधिका लागि सडक मर्मत कार्यकर्ताको ब्यवस्था गरिनेछ ।
८. सडक पुर्वाधारको संरक्षणका लागि ड्रेन निर्माण र बायो इन्जिनियरिङ्गको कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
९. आगामी आर्थिक वर्ष देखि बैशाख महिना भन्दा पछाडी सडक खन्ने कार्यलाई निरुत्साहित गरिनेछ । समयमा नै सडक आयोजना सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
१०. गाउँपालिकामा सडक सञ्जालमा नजोडिएका बस्तिहरुलाई सडक सञ्जालमा जोड्न र स्तरोन्नति गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ ।

## ग) जलश्रोत, विद्युत तथा बैकल्पिक उर्जा

१. नेपाल विद्युत प्राधिकरणको सहयोग र समन्वयमा पालिकाका सम्पूर्ण वडाहरुमा विद्युत पहुँचको विस्तार गरी **पुर्ण विद्युतिकरणको कार्य सम्पन्न** गरिनेछ ।
२. महाबु गाउँपालिकामा रहेको बैकल्पिक उर्जा र लघु जलविद्युत आयोजनाहरुलाई व्यवस्थित र विस्तार गर्दै लगिनेछ ।
३. महाबु गाउँपालिकाका वडा केन्द्रहरुमा रहेका बजार क्षेत्रमा सडक बत्ति विस्तारका लागि प्रदेश सरकार संग समन्वय गरिनेछ ।

## घ) सूचना, संचार तथा प्रविधि

१. GSM सेवाका लागि टावर विस्तार भएपनि सेवामा गुणस्तर नदेखिएकोले टावरको क्षमता वृद्दि गर्न पहल गरिने छ ।
२. Landline फोन विस्तारको लागि नेपाल दुरसंचार प्राधिकरणसंग पहल गरिने छ।
३. High Speed Internet जडानको लागि सवै वडा कार्यालयहरु सम्म फाईवर लाईन जडानको लागि ISP संग पहल गरिने छ ।
४. मोवाइलको नेटवर्कको समस्या भएको ठाउँमा नेपाल टेलिकमको टावर विस्तार गर्नका लागि आवश्यक पहल गरिनेछ ।गाउँपालिकामा नेपाल टेलिकम लगायत अन्य इन्टरनेट सेवाप्रदायकको अप्टिकल फाइबर विस्तारका लागि आवश्यक पहल गरिनेछ ।
५. सवै सामुदायिक आधारभूत विद्यालयहरुमा ब्रोड ब्याण्ड इन्टरनेटको पहुँच पुऱ्याउन नेपाल दुरसंचार प्राधिकरणसँग समन्वय गरिनेछ ।
६. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको सहयोगमा सुचना प्रविधिमा आधारित सार्वजानिक सेवा तथा ज्ञानमा आधारित उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**वन, वातावरण तथा विपद व्यवस्थापन र जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१. विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्याउने उद्देश्यले स्थापना गरिएको स्थानीय प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिइनेछ ।कोषबाट हुने खर्चलाई व्यवस्थित र समयानुकुल बनाउनका लागि कार्यविधि संसोधन तथा राहत मापदण्ड तर्जुमा गरिनेछ ।

२. विपद् जोखिम न्यूनीकरण गर्न विपद् व्यवस्थापन रणनीति, विपद् प्रतिकार्य योजना र विपद् पुनलाभ योजना आउदो आर्थिक वर्षमै तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. **"एक ब्यक्ति, दश विरुवा"** कार्यक्रमको अभियानलाई हरेक घर, सार्वजनिक निकाय वा स्थानहरुमा वृक्षारोपण गर्न जनप्रतिनिधि र कर्मचारीबाट सुरु गर्दै समुदाय स्तरमा विस्तार गर्न पहल गरिनेछ । सार्वजनिक खाली जग्गा, सडक किनार र खोलाको किनारमा वृक्षारोपण गर्ने ब्यवस्था मिलाइनेछ । सामुदायिक वनमा नर्सरी स्थापना गर्न पहल गरिनेछ ।

४. सबै सामुदायिक वन उपभोक्ता समूहहरुलाई गाउँपालिकामा सूचीकृत गर्ने व्यवस्था अनिवार्य गरिनेछ। साथै सामुदायिक वन उपभोक्ता समूहहरुको आम्दानीलाई करको दायरामा ल्याइनेछ।

५. पर्यावरण र वातावरण संरक्षणको साथै स्वच्छ खानेपानिको आपूर्ति र सिचाइको लागि जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्र संरक्षणका लागि तटबन्ध लगाउने, घेराबार गर्ने, मुहानको संरक्षण गर्न आवश्यक अन्य भौतिक संरचना निर्माण गर्ने, वृक्षारोपण गर्ने जस्ता कार्यहरु गरिनेछ ।

६. जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरवाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिति गठन र दर्ता गर्ने कार्यलाई तिव्रता दिइनेछ ।

७. हरित, लचिलो र समावेशी विकास (GRID) लाइ मुलप्रवाहीकरण गर्दै वातावरणमैत्री स्थानीय शासनका सुचकहरुलाई अबलम्बन गरी वातावरण बचाउ अभियानलाई कडाईका साथ कार्यान्वयन गरिनेछ । साथै, प्राकृतिक वातावरण संरक्षणको लागि विविध रचनात्मक क्रियाकलापहरु जस्तै वृक्षारोपण, सुधारिएको चुलो तथा वायोग्याँस निर्माण लगायत कार्वन उत्सर्जन घटाउने नविनतम कार्यक्रमहरु संचालन गरिनेछ।

८. **"एक विद्यार्थी, एक फलफूल विरुवा"** रोपण र संरक्षण नीतिलाई अभियानको रुपमा कार्यान्वयनमा लगिने छ ।

९. पानीका मुहान सरक्षण गर्ने आवश्यक्तालाइ मध्यनजर गर्दै "**एक मुहान, दश विरुवा**" रोप्ने कार्यक्रम सचालन गरिनेछ ।

१०. महाबु गाउँपालिकामा संचालित आयोजनालाई जलवायु परिवर्तन अनुकुलका योजनाहरु संचालन गर्न विकास निर्माणको क्षेत्रमा काम गर्ने संघ, संस्था र निजी क्षेत्र संग समन्वय सहकार्य गरी जलवायुमैत्री क्रियाकलापहरु संचालन गर्न प्रोत्सहान गरिनेछ ।

११. परम्परागत चहारीको संरक्षण, सार्वजनिक स्थलमा पिपल, बर र स्वामीको वृक्षारोपण गर्ने अभियान सञ्चालनका साथै हरित मार्ग निर्माण कार्यलाई निरन्तर दिइनेछ।

१२. **जैबिक बिबिधताको संरक्षण**, **रुख र बालीको मिश्रण, र आयआर्जन** भन्ने मुल नाराका साथ जलवायु उत्थानशील र समावेशी जीविकोपार्जन तथा स्थलीय पारिस्थितिक प्रणालीको व्यवस्थापन र संरक्षण गर्दै खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न नमुना जलवायु स्मार्ट कृषि तथा कृषिवन कार्यक्रम संचालन गरिने छ ।

१३. जलचरहरुको संरक्षण, बन्यजन्तु चोरी निकासीलाई रोक्न आवश्यक व्यवस्था मिलाइनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

**संस्थागत विकास तथा सुशासन क्षेत्र तर्फका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

### क) नीति, कानून तथा न्याय

१. गुणस्तरीय सेवा प्रवाहको माध्यमबाट सामाजिक न्याय कायम गरि प्रशासकीय क्रियाकलापहरुलाई जनमुखी बनाउनको लागि आवश्यक ऐन कानूनहरुको निर्माण तथा विद्यमान ऐन, कानून र कार्यविधिहरुलाई आवश्यकता अनुसार परिमार्जन र संशोधन गरि व्यवहारिक वनाईने छ।

२. न्यायिक कार्यसम्पादनलाई प्रभावकारी र छिटो छरितो बनाई नागरिकमा न्यायिक सेवाको प्रत्याभूत गरिनेछ ।

३. "**विवाद समाधानमा, प्राथमिकता मेलमिलापमा**" भन्ने नाराका साथ स्थानीय तहको विवाद स्थानीय तहमा नै छलफल, वार्ता आदि तवरले आपसी समझदारी र मेलमिलाप विधिबाट न्यायका मान्य सिद्धान्तको अधिनमा रही गाउँपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र पहुँचयोग्य एवम् विश्वसनीय बनाइने छ।

४. न्यायिक समितिको काममा चुस्त दुरुस्तता, गुणस्तर तथा गोपनियता ल्याउनको लागि व्यवस्थित इजलासको निर्माण तथा न्यायीक मामिला व्यवस्थापन प्रणालीको सुरुवात गरिनेछ ।

५. न्याय सम्पादन प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि न्यायीक समितिको क्षमता अभिवद्धि कार्यक्रमको व्यवस्था गरिने छ ।

## ख) संगठन, मानव संसाधन, क्षमता विकास, सेवा प्रवाह र सुशासन

१. जनमैत्री सेवा प्रवाहका लागि सेवा प्रदायकलाई उत्प्रेरणाका कार्यहरु सञ्चालन गरिनेछ । राष्ट्रसेवकलाई थप जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा अभिवृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ । मापन योग्य सूचक सहित कार्य सम्पादन करार गरी कार्यसम्पादन मूल्याकनका आधारमा कर्मचारीलाई प्रोत्साहन र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२. सार्वजनिक क्षेत्रमा जनप्रतिनिधि र कर्मचारीले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागु गरिनेछ।

३. महाबु गाउँपालिकाको संगठन संरचनालाई आवश्यकता बमोजिम पुनरावलोकन गर्दै संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) मार्फत छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । करार सेवामा रहेका कर्मचारीहरुको संख्या कटौती र सुविधा वृद्धि र क्षमता वृद्वीको निती लिईनेछ ।

४. सरकारी तथा सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार संस्कृतिको अवलम्बन गरिनेछ । भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गरिनेछ ।

५. पालिकामा रहेका विकास र समृद्धि प्रेमी बौद्धिक वर्ग मध्ये विश्वविद्यालयको उच्च शिक्षा हाँसिल गरेका, सार्वजनिक र सामाजिक क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरूको Think Tank गठन गरी गाउँपालिकाको नीती, योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनमा बौद्धिक सहयोग (Intellectual Input) लिने रणनीति अख्तियार गरिनेछ ।

६. सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गर्न प्रयास गरिनेछ ।

७. स्थानीय वस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिनेछ ।

८. टोल विकास संस्थाको क्षमता विकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

९. योजना बैंकको अवधारणा अनुरुप बस्ति स्तरवाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।

१०. नागरिकको गुनासो समयमै सम्बोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी गुनासो सुनुवाई संयन्त्रको विकास गरिनेछ।

११. सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ ।

१२. गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रबन्ध मिलाइनेछ ।

१३. लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्ने, सम्परीक्षण गराउने एवं फछ्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्यलाइ विशेष प्राथमिकता दिइ बेरुजुलाई शुन्यमा झार्ने प्रयास गरिनेछ। गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लेखापरीक्षण गर्ने व्यवस्था गरिनेछ । यस आर्थिक वर्षलाई **बेरुजु अशुलउपर बर्ष**को रुपमा बनाइनेछ ।

१४. यस गाउँपालिकाले आर्थिक कारोबारोको वित्तीय अनुशासन कायम राखी आर्थिक कारोबारोमा पारदर्शिता, मितव्ययिता, प्रभावकारीता अभिवृद्धि गरिने छ ।

१५. महाबु गाँउपालिका स्थापना भएको दिनलाई स्थानिय सेवा दिवसको रूपमा मनाउने र सोही दिवसको अबसरमा स्थानिय सेवा पुरस्कार वितरण गरिनेछ । लामो समय देखि अस्थायी, करार सेवामा कार्यरत कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन आवश्यक व्यवस्था गरिनेछ ।

**ग) राजश्व तथा राजश्व परिचालन**

१. गाउँपालिकाको राजश्व परामर्श समितिको अध्ययन प्रतिवेदन र गाउँपालिकाको राजश्व सुधार कार्ययोजनालाई आधारमानि गाउँपालिकाको राजश्वको दर र दायरालाई फराकिलो बनाउँदै कार्यान्वयन गरिनेछ ।

२. करका दर सम्भव भए सम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ ।प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु वीच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ ।

३. स्थानीय राजश्व प्रणालीमा रहेको TAX Payer Protal मार्फत घरबाट नै राजश्व र कर तिर्ने व्यवस्था मिलाइनेछ ।

४. करदातालाई कर तिर्ने बानी बसाल्न तथा प्रोत्साहन गर्न करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

५. एकिकृत सम्पत्ति करलाई थप ब्यवस्थित बनाउन करदाताहरुको अभिलेख ब्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने नीति लिइनेछ ।

६. वडा कार्यालयहरुसँग समन्वय गरी ब्यवसाय करमा रहेको ब्यवसाय दर्ता तथा नविकरणलाई पालिका स्तरिय अभियानको रुपमा संचालन गरिनेछ ।

७. पालिकावाट प्रवाह गरिने सेवा सुविधा र वितरण गरिने बस्तुहरुको उपभोग गर्ने ब्यक्ति तथा कुनै सार्वजनिक सरोकारको विषयमा समितिमा रहने ब्यक्तिहरुले अनिवार्य सार्वजनिक सम्पत्ति कर बुझाउनु पर्ने ब्यवस्था लागु गरिनेछ ।

## घ) तथ्याङ्क, योजना तथा विकास परिचालन

१. योजना कार्यलाई नियमित र प्रभावकारी बनाउन अनुगमन समितिका साथै जनप्रतिनिधि सम्बन्धित प्राविधिक सञ्चारकर्मी तथा स्थानीय समुदायको सहभागितामा आयोजनाको नियमित विस्तृत रुपमा स्थलगत अनुगमन तथा प्रगति लेखाजोखा गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरिनेछ । योजना अनुगमनलाई केबल औपचारिकतामा मात्र सीमित नगरि समग्र योजना प्रक्रियाको अभिन्न पाटोको रुपमा बिकास गरिनेछ ।

२. आयोजना संञ्चालन अवस्था तथा सम्पन्न भएपछि आम उपभोक्ता तथा सरोकारवालाको सहभागिता र नागरिक समाज सहितको सहजिकरणमा सार्वजनिक सुनुवाई सार्वजनिक परीक्षणलाई अनिवार्य गरी आयोजनाको पारदर्शिता, प्रभावकारीता र जवाफदेहिता अभिबृद्धि गरिनेछ ।

३. पूर्वाधार विकास सम्बन्धी आयोजना निर्माण गर्दा आयोजनाको संचालन मितव्ययी हुने, लागत सहभागिता तथा प्रभावकारिता वृद्धिको सुनिश्चितता हुने अवस्थामा पूर्वाधार निर्माण कार्यलाई आवश्यकता अनुसार टोल विकास संस्था, महिला तथा आमा समुह, विद्यालय तथा स्वास्थ्य संस्था व्यवस्थापन समिति, सामुदायिक वन तथा उपभोक्ता समिति र गैर सरकारी संस्था मार्फत कार्यान्वयन गरिनेछ ।

४. मर्मत सम्भार कोष संचालन सम्बन्धी कार्यविधि निर्माण गरि एक लाख भन्दा कम लागत लाग्ने मर्मत सम्भार प्रकृतिका योजनाहरुका लागि मर्मत सम्भार कोषवाट खर्च गर्ने गरी कार्यान्वयन गरिनेछ ।

५. उपभोक्ता समितिलाई आयोजनाको प्राविधिक पक्ष डिजाइन इष्ट्रिमेट मापदण्ड मर्मत सम्भार आदि र ब्यवस्थापकिय पक्ष (उपभोक्ता समिति परिचालन, खरिद प्रक्रिया, जिम्मेवारी वाँडफाँड रकम निकासा कार्ययोजना सार्वजनिक परीक्षण तथा फरफारक आदी) विषयमा ब्यवस्थित रुपमा तालिम प्रदान गरी क्षमता अभिबृद्धि गरिनेछ । वडा स्तरमा नै उपभोक्ता समितिसंग योजना सम्झौताका लागि घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६. समुदाय स्तरमा संञ्चालन हुने विकास निर्माणका वारेमा समुदाय स्तरमा जानकारी दिने योजनामा हुने अनियमिततालाई पारदर्शि बनाउन नागरिकलाई विकासको अपनत्व सिर्जना गर्न Know First Project कार्यक्रम संञ्चालन गरिनेछ ।

७. उत्कृष्ट कार्य गर्ने उपभोक्ता समितिहरु मध्येवाट सर्वोत्कृष्ट उपभोक्ता समिति छनौट गरी पुरस्कृत गर्ने व्यवस्था गरिनेछ । साथै संझौता अनुसार कार्य नगर्ने र गुणस्तरहिन कार्य गर्ने उपोक्ता समितिका पदाधिकारीहरुलाई उप्रान्त सार्वजनिक निर्माण कार्यमा संलग्न हुन नपाउने गरी कालोसूचीमा राखे व्यवस्था गरिनेछ ।

८. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजना र शाखागत चालु तर्फका कार्यक्रमहरु समयमै सम्पन्न गरी असारे विकासलाई नियन्त्रण गर्नका लागि आगामी आर्थिक वर्षको चैत महिनालाई भुक्तानी महिनाको रुपमा मनाईनेछ ।

९. श्रमदान गर्ने श्रम संस्कृतिको विकास गर्न जनप्रतिनिधि र कर्मचारीहरुवाट श्रमदानमा सहभागीता सुनिश्चितता गर्दै आगामी आ.व. मा कम्तीमा एक वटा सार्वजनिक संरचना निर्माण कार्य सम्पन्न गरिनेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

प्रस्तुत नीतिको प्रभावकारी कार्यान्वयनबाट महाबु गाउँपालिकाको समृद्धी र विकासमा उल्लेखनीय योगदान पुग्ने अपेक्षा गरेको छु । साथै, महाबु गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, विकास साझेदारहरु निजी क्षेत्र, अन्तराष्ट्रिय दातृ समुदाय, गाउँपालिकाका कर्मचारीहरु, आम नागरिक र सम्पूर्ण बुद्धिजीवी एवं प्रबुद्ध व्यक्तित्वहरुमा हार्दिक अपिल गर्दछु । अन्त्यमा आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाका विभिन्न चरणहरुमा रचनात्मक सल्लाह, सुझाब तथा सहयोग प्रदान गर्नुहुने विभिन्न राजनीतिक दलहरु, जनप्रतिनिधीज्यूहरु, नागरिक समाज, पत्रकारज्यूहरु, विभिन्न विकास साझेदार निकायहरु लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

धन्यवाद ।

मितिः २०८२ असार ८

**जंग बहादुर शाही**
**गाउँपालिका अध्यक्ष**
महाबु गाउँपालिका दैलेख